अनुसूची-२

(दफा ४ तथा अनुसूची- १ को भाग १ संग सम्बन्धित)

साँफेबगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड -०१ संख्या -०२ मिति :२०७४/०६/०२

## भाग -०१

# साँफेबगर नगरपालिकाको विनियोजन ऐन -२०७४

आज्ञाले ,

लक्ष्मी प्रसाद शर्मा

नि. प्रमुख प्रशासकीय अधिकृत

**साँफेबगर नगरपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम विनियोजन गर्ने र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

नगर सभाबाट स्वीकृत मितिः २०७४।०६।०१

**<u>प्रस्तावनाः</u>** साँफेबगर नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम साँफेबगर नगर सभाले यो ऐन बनाएको छ ।

१.**<u>संक्षिप्त नाम र प्रारम्भः</u> (१)**यस ऐनको नाम **" साँफेबगर नगरपालिकाको विनियोजन ऐन, २०७४"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**<u>आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार</u>**: (१)आर्थिक वर्ष २०७४।०७५ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु.४९,८८,२४,७९१./- (अक्षेरुपी उनान्चास करोड अठासी लाख चौबीस हजार सात सय एकानब्बे मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **<u>विनियोजनः</u> (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त साँफेबगर नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत

हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छैन ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

# साँफेबगर नगरको संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | **नगर कार्यपालिका** | **१९५४६८** | **११७६००** | | |
| | | क). कार्यालय तर्फ | ४९२९५ | २८१०० | | |
| | | ख). नगरस्तरीय योजना र कार्यक्रम | ० | ५०५०० | | |
| | | ग).बिषयगत शाखा( सशर्त अनुदान) | १४६१७३ | ० | | |
| | | घ).बिषयगत शाखाको कार्यक्रम खर्च | ० | ३५००० | | |
| | | ङ).समपुरक कोष | ० | ४००० | | |
| २ | | वडा कार्यसमिति | ० | **९५७५६।७९१** | | |
| ३. | | केन्द्रिय सशर्त अनुदान तर्फ | ० | ० | | |
| | | क. सामाजिक सुरक्षा | **९००००** | ० | | |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | ० | ० | | |
| ५ | | लगानी (शेयर/ऋण) | ० | ० | | |
| | | **जम्मा** | **२८५४६८** | **२१३३५६।७९१** | | **४९८८२४।७९१** |